## नेपाल सुपर लिग

# गोलरहित बराबरीमा सकिएको पहिलो खेल

**हिमालय टाइम्स**

**काठमाडौं, १७ वैशाख**

काठमाडौंमा जारी नेपाल सुपर लिग (एनएसएल) फुटबल प्रतियोगितामा काठमाडौं रेजर्स र पोखरा थन्डर्सले बराबरी खेल्दै अंक बाँडेका छन् । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शुक्रबार राति भएको खेलमा दुवै टोलीले गोलरहित बराबरी खेलेका हुन् । जारी लिगमा गोलरहित बराबरीमा सकिएको यो पहिलो खेल हो । यसअघिका प्रतियोगिताका ६ दिनमा आठ खेल भइसक्दा हरेक खेलमा गोल भएको थियो ।



दुवै टोलीले पटक-पटक पाएका मौकाहरू सदुपयोग गर्न सकेनन् । खेलको इन्जुरी समयमा पोखराका प्रविन श्यानतेनले हेडरमार्फत् गोल गर्नुभए पनि अफसाइडका कारण त्यसले मान्यता पाउन नसक्दा खेल बराबरीमा टुंगियो ।

खेलको तेस्रो मिनेटमा काठमाडौंका विदेशी खेलाडी स्टेफेन बियोङले डिबक्सको बाहिरबाट गरेको प्रहार बाहिरिएको थियो । खेलको छैटौं मिनेटमा पोखराका मौसा अब्बाको फितलो प्रहारले काठमाडौंका कप्तान तथा गोलकिपर विकेश कुथुलाई खासै अप्ठ्यारो पारेन ।

खेलको २३औं मिनेटमा काठमाडौंका गोलकिपर विकेश कुथुको मिस पासमा आफ्नो खुट्टामा बल आए पनि नवयुग श्रेष्ठले पोस्टमा प्रहार गर्न सक्नुभएन । खेलको ८०औं मिनेटमा काठमाडौंका मेसौकेले पोखराका गोलकिपर दीप कार्की बिट भइसकेको अवस्थामा पनि गोल गर्न सक्नुभएन । उहाँको फितलो प्रहार पोस्ट नजिकैबाट बाहिरिएको थियो ।

खेलपछि पोखराका अनुभवी खेलाडी अनिल गुरुङले फिनिसिङमा आफूहरूले अझै मिहिनेत गर्नुपर्ने बताउनुभयो । उहाँले अट्याक खेल खेलेको र पहिलो हाफमा अवसरहरू पनि पाएको तर त्यसलाई सदुपयोग गर्न नसकेको स्वीकार गर्नुभयो ।

इनर्जिङ प्लेयर अफ द म्याच काठमाडौं रेजर्सका राजन गुरुङले पाउनुभयो । उहाँले १० हजार रुपैयाँ हात पार्नुभयो । यस्तै खेलको म्यान अफ दि म्याचको अवार्ड पोखरा थन्डर्सका पदम मोक्तानले पाउनुभयो । उहाँले २५ हजार नगद हात पार्नुभयो ।

यस खेलको बराबरीसँगै पोखराले तीन खेलमा चार अंक जोडेको छ । काठमाडौंले तीन खेलमा चार अंक जोडेको छ । काठमाडौंले पहिलो खेलमा ललितपुर सिटी एफसीलाई १-० ले हराएको थियो । तर, दोस्रो खेलमा काठमाडौं धनगढी एफसीसँग ३-० ले स्तब्ध भएको थियो । पोखरा पहिलो खेलमा बुटवल लुम्बिनी एफसीसँग २-० ले पराजित भएको थियो । तर, दोस्रो खेलमा पोखराले विराटनगरलाई १-० ले हराएको थियो ।

नेपाल स्पोर्ट्स म्यानेजमेन्टको आयोजना तथा अखिल नेपाल फुटबल संघको प्राविधिक सहयोगमा जारी प्रतियोगितामा सात शहरका सात टोलीको सहभागिता रहेको छ । प्रतियोगितामा विराटनगर सिटी फुटबल क्लब, काठमाडौं रेजर्स फुटबल क्लब, ललितपुर सिटी फुटबल क्लब, एफसी चितवन, धनगढी एफसी, पोखरा थन्डर्स र बुटवल लुम्बिनी एफसी रहेका छन् । राउण्ड रोबिनका आधारमा हुने लिग १ जेठसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको विजेताले ३५ लाख रुपैयाँ प्राप्त गर्ने आयोजकले जनाएको छ । यस्तै उपविजेताले १५ लाख रुपैयाँ हात पार्नेछन् । व्यक्तिगत विधातर्फका उत्कृष्टले जनही १ लाख तथा उत्कृष्ट युवा खेलाडीले पनि एक लाख रुपैयाँ हात पार्नेछन् । हरेक खेलको म्यान अफ दि म्याचले २५ हजार रुपैयाँ पाउनेछन् ।

# बेन्जेमा च्याम्पियन्स लिगको चौथो सर्वाधिक गोलकर्ता

**एजेन्सी**

**म्याड्रिड, १७ वैशाख**




स्पेनिस क्लब रियल म्याड्रिडका फ्रान्सेली फरवार्ड करिम बेन्जेमा च्याम्पियन्स लिगको सर्वाधिक गोलकर्ताको सूचीमा चौथो स्थानमा पुग्नुभएको छ । चौथो स्थानमा उहाँले राउल गोन्जालेजसँगको गोलसंख्या बराबरी गर्नुभएको हो ।

मंगलबार राति इंग्लिस क्लब चेल्सीविरुद्धको च्याम्पियन्स लिगको सेमिफाइनलको पहिलो लिगमा उहाँले एक गोल गर्नुभएको थियो । उक्त गोलसँगै उहाँ च्याम्पियन्स लिगको सर्वाधिक गोलकर्ताको सूचीमा चौथो स्थानमा उक्लिनुभएको हो ।

उक्त स्थानमा रहेका रियलकै पूर्व खेलाडी राउलले १ सय ४२ खेलमा ७१ गोल गर्नुभएको थियो । बेन्जेमाले १ सय २६ खेलमा राहुलको कीर्तिमानलाई भेट्टाउनुभएको हो । ३३ वर्षीय बेन्जेमा सर्वाधिक गोलकर्ताको सूचीमा तेस्रो स्थानमा रहेका रोबर्ट लेवान्डोस्कीभन्दा २ गोलले मात्रै पछि हुनुहुन्छ ।

च्याम्पियन्स लिगको सर्वाधिक गोलकर्ताको सूचीको शीर्षस्थानमा पोर्चुगल तथा इटालियन क्लब युभेन्टसका क्रिस्टियानो रोनाल्डो रहनुभएको छ । उहाँले १ सय ७५ खेलमा १ सय ३४ गोल गर्नुभएको छ । दोस्रो स्थानमा रहेको अर्जेन्टिना तथा क्याटलान क्लब बार्सिलोनाका लियोनेल मेस्सीले १ सय ४९ खेलमा १ सय २० गोल गर्नुभएको हो ।

तेस्रो स्थानमा रहेको पोलिस तथा जर्मन क्लब बायर्न म्युनिखका रोबर्ट लेवान्डोस्कीले ९६ खेलमा ७३ गोल गर्नुभएको छ । २००९ मा फ्रेन्च क्लब लियोनबाट रियल आएका बेन्जेमाले रियलबाट चारपटक च्याम्पियन्स लिगको उपाधि जित्नुभएको छ ।

# पृथ्वीको छ बलमा छ चौका

**एजेन्सी**

**नयाँदिल्ली, १७ वैशाख**

दिल्ली क्यापिटल्सका युवा ब्याट्सम्यान पृथ्वी शाले आइपीएलअन्तर्गत बिहीबार राति भएको कोलकत्ता नाइट राइडर्सविरुद्धको खेलमा ६ बलमा ६ चौका प्रहार गर्नुभयो । उहाँले दिल्लीको पारीको पहिलो ओभरमा नै पृथ्वीले ६ बलमा ६ चौका प्रहार गर्नुभएको थियो । शिवम मावीको ओभरमा उहाँले २५ रन जोड्नुभयो । २४ रन चौकाबाट आए भने एक रन वाइडमार्फत् दिल्लीले जोडेको थियो ।

आइपीएल इतिहासमा पहिलो ओभरमा ६ चौका प्रहार भएको यो तेस्रोपल्ट हो । सबैभन्दा महँगो पहिलो ओभरमा २७ रन भएको थियो । २०११ मा मुम्बई इन्डियन्सका अबु नेचिमले बैंग्लोरविरुद्ध २७ रन प्रहार गर्नुभएको थियो । यस्तै २०१३ मा हरभजन सिंहले कोलकत्ताविरुद्ध पहिलो ओभरमा २६ रन खर्चनुभएको थियो ।

आइपीएलमा ६ बलमा ६ चौका प्रहार गर्ने पृथ्वी दोस्रो ब्याट्सम्यान हुनुहुन्छ । यसअघि २०१२ मा राजस्थान रोयल्सका अजिक्ये रहाणेले बैंग्लोरका एस अरविन्दको बलमा लगातार ६ चौका प्रहार गर्नुभएको थियो ।

पृथ्वी त्यसपछि पनि रोकिनुभएन । उहाँले १८ बलमा आफ्नो अर्धशतक पूरा गर्नुभयो । उहाँले समग्रमा ४१ बलमा ११ चौका र ३ छक्कासहित ८२ रन जोड्नुभएपछि दिल्लीले कोलकत्तामाथि ७ विकेटको सानदार जित हात पारेको थियो ।

जितका लागि १ सय ५५ रनको विजयी लक्ष्य पछ्याएको दिल्लीले १६ दशमलव ३ ओभरमा ३ विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो । ओपनर पृथ्वी शा र शिखर धवनले पहिलो विकेटका लागि १३ दशमलव ५ ओभरमा १ सय ३२ रनको उत्कृष्ट शतकीय साझेदारी गरेपछि दिल्ली सहज जिततर्फ अघि बढेको थियो । प्याट कमिन्सको फुलटस बल मिस गर्दा धवन ४६ रनमा एलबिडब्लु आउट भएसँगै यो साझेदारी टुटेको थियो । धवनले ४७ बलमा ४ चौका र १ छक्का प्रहार गर्नुभयो ।




यस्तै दिल्लीका कप्तान ऋषभ पन्तलाई शिवम मावीले १६ रनमा क्याच आउट गराउनुभयो । मार्कस स्टोइनिस ६ रनमा अविजित रहनुभयो भने कोलकाताका प्याट कमिन्सले ४ ओभरमा २४ रन खर्चेर ३ विकेट लिनुभयो ।

त्यसअघि टस हारेर पहिला ब्याटिङ थालेको कोलकाताले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ५४ रन बनाएको थियो । कोलकाताका आन्द्रे रसेल २७ बलमा २ चौका र ४ छक्कासहित ४५ रनमा अविजित रहनुभयो । युवा ओपनर सुभमन गिलले ३८ बलमा ३ चौका र १ छक्कासहित ४३ रनको योगदान दिनुभए पनि त्यो जितका लागि पर्याप्त भएन । प्याट कमिन्स ११ रनमा अविजित रहनुभयो । स्पिनर अक्षर पटेलले १५ र राहुल त्रिपाठीले १९ रन थप्नुभयो । दिल्लीका ललित यादवले ३ ओभरमा १३ रन खर्चेर २ विकेट लिनुभयो । अक्षर पटेलले ४ ओभरमा ३२ रन खर्चेर २ विकेट लिनुभयो । आवेश खान र मार्कस स्टोइनिसको नाममा १-१ विकेट रह्यो ।

यो खेलपछि चेन्नई सुपर किंग्स ६ खेलमा ५ जित र १ मा हारसहित १० अंकसहित आइपीएलको शीर्षस्थानमा छ । दिल्ली क्यापिटल्स ७ खेलमा ५ मा जित र २ मा हारसहित १० अंकका साथ दोस्रो स्थानमा उक्लिएको छ । रोयल च्यालेन्जर्स बैंग्लोर ६ खेलमा ५ मा जित र १ मा हारसहित १० अंक भए पनि नेट रनरेटका आधारमा तेस्रो स्थानमा छ । साविक विजेता मुम्बई इन्डियन्स ६ खेलमा ३ मा हार र ३ मा जितसहित ६ अंक बटुल्दै चौथो स्थानमा छ । कोलकाता ७ खेलमा ५ मा हार र २ जितसहित ४ अंकका साथ पाँचौं स्थानमा छ । पन्जाव ६ खेलमा ४ मा हार र २ मा जितसहित ४ अंक जोड्दै छैटौं स्थानमा छ । राजस्थान रोयल्स ६ खेलमा ४ मा हार र २ मा जितसहित ४ अंकका साथ सातौं स्थानमा छ । सनराइजर्स हैदरावाद ६ खेलमा ५ मा हार र १ मा जितसहित २ अंक जोड्दै पुछारमा छ । दिल्लीले आइतबार पन्जावसँग खेल्नेछ । कोलकाताले मंगलबार बैंग्लोरसँग खेल्नेछ ।

# क्रिकेट गतिविधि अनिश्चितकालका लागि स्थगित

**हिमालय टाइम्स**

**काठमाडौं, १७ वैशाख**

नेपाल क्रिकेट संघ (क्यान) ले सम्पूर्ण क्रिकेट गतिविधि अनिश्चित समयसम्मका लागि स्थगित गरेको छ । क्यानले शुक्रबार एक सूचना जारी गर्दै कोराना भाइरसलाई मध्यनजर गर्दै अर्को सूचना नआएसम्म सम्पूर्ण क्रिकेट गतिविधि बन्द गर्ने निर्णय गरेको जनाएको छ ।

क्यानले राष्ट्रिय प्रतियोगिता, जिल्ला छनौट, प्रादेशिक प्रतियोगिता तथा विभिन्न देशसँग तय भएका सिरिजहरू तत्कालका लागि स्थगित गरिएको जनाएको छ । विश्वभर कोरोना भाइरस महामारीका रूपमा फैलिएपछि काठमाडौं उपत्यकामा निषेधाज्ञा लगाइएको छ । कोरोनाको दोस्रो लहर तीव्रगतिमा फैलिन सुरु भएपछि क्यानले सम्पूर्ण गतिविधि बन्द गरेको हो ।


# बार्सिलोना घरेलु मैदानमा स्तब्ध

**एजेन्सी**

**बार्सिलोना, १७ वैशाख**

स्पेनिस ला लिगा फुटबलको उपाधि होडमा रहेको बार्सिलोना घरेलु मैदानमा ग्रानडासँग स्तब्ध बनेको छ । बिहीबार राति भएको खेलमा सुरुवाती अग्रता लिए पनि त्यसलाई जोगाउन नसक्दा बार्सिलोना ग्रानडासँग २-१ ले स्तब्ध बन्यो । योसँगै उसको उपाधि यात्रामा पनि धक्का पुगेको छ ।

ग्रानडाका डार्बिन माचिस र जर्ग मोलिनाले गोल गर्दा बार्सिलोनाका कप्तान लियोनेल मेस्सीले एक गोल फर्काउनुभएको थियो । बार्सिलोनाले खेलको २३औं मिनेटमा कप्तान मेस्सीको गोलबाट अग्रता लिएको थियो । उहाँले एन्टोइन ग्रिजमनको पासमा गोल गर्दै टोलीलाई सुरुवाती अग्रता दिलाउनुभएको थियो ।




त्यो गोल नै पहिलो हाफको एकमात्रै गोल बन्यो । ६३औं मिनेटमा डार्बिन माचिसले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याउनुभयो । क्रसमा आएको बललाई डार्बिन माचिसले जाली चुमाउनुभएको थियो ।

६७औं मिनेटमा बार्सिलोनाका प्रशिक्षक रोनाल्ड कोम्यान रातो कार्ड खाँदै टच लाइन छोड्न बाध्य बन्नुभयो । त्यसपछि ७९औं मिनेटमा परिवर्तित खेलाडी जर्ग मोलिनाले गोल गर्दै ग्रानडालाई २-१ को जित दिलाउनुभयो । उहाँले एड्रिएन मारिनको पासमा हेडरमार्फत् गोल गर्नुभएको थियो ।

यो हारसँगै बार्सिलोनाले शीर्षस्थानमा उक्लने मौका गुमाउँदा तेस्रो स्थानमा यथावत् रहेको छ । बार्सिलोनाको ३३ खेलबाट ७१ अंक रहेको छ । शीर्षस्थानको एट्लेटिको म्याड्रिडको ७३ तथा दोस्रो स्थानमा रियल म्याड्रिडको ७१ अंक रहे पनि हेड टु हेडमा दोस्रो स्थानमा छ । बार्सिलोनालाई हराएको ग्रानडा ४५ अंक जोडेर आठौं स्थानमा रहेको छ ।

# रोमाको पोस्टमा म्यानचेस्टर युनाइटेडको ६ गोल

**एजेन्सी**

**लण्डन, १७ वैशाख**

इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडले युरोपा लिगको सेमिफाइनलको पहिलो लिगमा इटालियन क्लब रोमाको पोस्टमा आधा दर्जन गोल गरेको छ । बिहीबार राति भएको खेलमा युनाइटेडले रोमामाथि ६-२ को फराकिलो जित निकालेको हो ।

युनाइटेडको जितमा ब्रुनो फर्नान्डेस र इडिन्सन काभानीले समान दुई गोल गर्दा पल पोग्वा र मासन ग्रीनवुडले समान एक-एक गोल गर्नुभयो । रोमाका लोरेन्जो पेलिग्रिनी र इडेन जेकोले गोल फर्काउनुभएको थियो ।

खेलको नवौं मिनेटमा ब्रुनो फर्नान्डेसको गोलबाट युनाइटेडले अग्रता लियो । १५औं मिनेटमा लोरेन्जो पेलिग्रिनीले पेनाल्टीमार्फत् बराबरी गोल फर्काउनुभयो । ३४औं मिनेटमा लोरेन्जो पेलिग्रिनीको पासमा इडेन जेकोले गोल गरेपछि रोमाले पहिलो हाफमा घरेलु टोलीविरुद्ध २-१ को अग्रता दिलाउनुभएको थियो ।

दोस्रो हाफमा युनाइटेडले ५ गोल थप्यो । ४८ र ६४औं मिनेटमा इडिसन काभानीले दुई गोल गर्दै युनाइटेडलाई अग्रता दिलाउनुभयो । ७१औं मिनेटमा ब्रुनोले पेनाल्टीमार्फत् र त्यसको चार मिनेटपछि ब्रुनोकै पासमा पल पोग्वाले र ८६औं मिनेटमा मासन ग्रीनवुडले काभानीको पासमा गोल गर्दै युनाइटलाई ६-२ को सानदार जित दिलाउनुभयो ।




सेमिफाइनलकै अर्को खेलमा स्पेनिस क्लब भिल्लारियलले इंग्लिस क्लब आर्सनललाई २-१ गोलअन्तरले हरायो । भिल्लारियलको जितमा म्यानुयल ट्रिगुइरस र राहुल अल्विओलले गोल गर्दा आर्सनलका निकोलस पेपेले एक गोल फर्काउनुभयो ।

भिल्लारियलले खेलको पाँचौं मिनेटमा म्यानुयल ट्रिगुइरसको गोलबाट अग्रता लिएको थियो । २९औं मिनेटमा राहुल अल्विओलले जेरार्ड मोरेनोको पासमा गोल गर्दै भिल्लारियललाई पहिलो हाफमा २-० को अग्रता दिलाउनुभयो । त्यसपछि ७३औं मिनेटमा पेनाल्टीमा गोल गर्दै आर्सनलले खेल २-१ मा टुंग्यायो । यी दुईबीचको दोस्रो लिगको खेल आर्सनलको मैदानमा ७ मेमा हुनेछ ।


## ताप्ली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रुपाटार, उदयपुर**

**१ नं प्रदेश, नेपाल**

**बिषय :- बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकासित मिति २०७८/०१/१८

प्रस्तुत विषयमा यस **ताप्ली गाउँपालिकाको** चालु आ.ब. २०७७/०७८ को स्वीकृत कार्यक्रममा **TAPLI CHISAPANI WATER SUPPLY AND SANITATION** निर्माणको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ बमोजिम आव्हान गरिएको ठेक्का नं 05/TRM/UDA/077–078 को लागि पेश भएका निर्माण कम्पनीहरुको ऐनको दफा २५ अनुसार प्राबिधिक तथा आर्थिक प्रस्ताव मुल्यांकन गर्दा तपशिलको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृत हुने आशयको सूचना प्रकाशन गरिएको व्योहोरा अनुरोध छ । साथै सम्बन्धित बोलपत्रदाता लाई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (३) को प्रयोजनार्थ समेत यो सूचना प्रकाशन गरिएको छ ।

| सी.नं | बोलपत्रदाता को नाम ठेगाना | बोलपत्रदाता को प्रस्ताव गरेको रकम | कैफियत |
| --- | --- | --- | --- |
| १. | आर्यन कन्स्ट्रक्सन मल्टिपर्पोज कटारी -३ उदयपुर | ९५०३२४७.२० (भ्याट र PS सहित ) | |

**नि.प्रमुख प्रशासकीय अधिकृत**